सत्य तथ्य र निषपक्ष समाचारका सार्थी

# दैनिक ज्योती जागरण

Jyoti Jagran Daily

वर्ष: २ | अंक : १२० | वि.सं. २०७९ मंसिर १४ गते बुधबार | 30, 2022 Wednesday, NOV | पृष्ठ संख्या : ४ | मूल्य ५ रुपैयाँ

## माइस्थान क्षेत्रमा लगाइएको सवारीसाधन प्रवेशमाथिको रोकलाई हटाउन माग

**वीरगञ्ज, १३ मंसिर ।** वीरगञ्जको माइस्थानस्थित गहवा माई मन्दिर क्षेत्रमा सवारी साधन प्रवेशमा रोक लगाइएको भन्दै त्यस क्षेत्रका व्यापारीले आपत्ती जनाएका छन् ।

त्यस क्षेत्रका घरधनी र व्यापारीहरुले जिल्ला प्रशासन कार्यालय पर्साका प्रमुख जिल्ला अधिकारी उमेश कुमार ढकाललाई ज्ञापन पत्र बुझाउँदै सवारी साधन प्रवेशका लागि अनुमती प्रदान गर्न माग गरेका छन् ।



गहवा माइ मन्दिरदेखि मुख्य चोकसम्मको सडकमा सवारी साधन प्रवेशमा रोक लगाउँदा व्यापार व्यवसाय चौपट भएको भन्दै प्रतिबन्ध हटाउनुपर्ने माग त्याहाँका व्यवसायीहरुले प्रजिअ ढकाललाई बुझाएको ज्ञापन पत्रमा उल्लेख गरिएको छ ।

त्यस क्षेत्रमा सवारी आवागमनमा रोक लगाएपछि ग्राहकहरु आउनै छाडेको हुँदा व्यापार व्यवसायच चल्न नसकेको उनीहरुको दुखेसोछ । आफ्नै सवारी साधन पनि घरसम्म लिन नपाएको भन्दै त्याहाँका घरधनीले पनि आपत्ती जनाएका छन् ।

गहवा माई मन्दिर परिसरको सडकलाई स्तरोन्नती गरेसँगै वीरगञ्ज

बाँकी तेश्रो पृष्ठमा

## निर्वाचित भएपछि नेता गुप्ता मतदाताहरूसंग भेटघाट गर्दै ।



**वीरगञ्ज, १३ मंसिर ।** पर्सा निर्वाचन क्षेत्र नम्बर ३ बाट निर्वाचित भएका प्रतिनिधिसभा सदस्य राजकुमार गुप्ताले आज पर्साको बहुदरमाई नगरपालिकाका विभिन्न वडाहरुमा बिजयी जुलुस तथा मतदातासंग भेटघाट गरेका छन् । प्रतिनिधि सभा सदस्य गुप्ता विभिन्न वडाहरुमा घुम्दै मतदातासंग आर्शिवाद समेत लिएका हुन् । सो क्रममा नेता गुप्तालाई स्थानीयहरु फुलको माला , अबीर , खाँदा लगाई स्वागत गरेका थिए । उनले मतदालाई भेट्दै आफुले चुनावमा वाचा गरेका हरेक कुरा पुरा गरेर देखाउने प्रतिद्धता व्यक्त समेत गरेका थिए। नेता गुप्ताको जीतसंगै यस क्षेत्रका जनताहरु पनि निकै खुसी भएका छन्। उनीहरुले अब आफ्नो क्षेत्रमा बिकास निर्माणका कामहरु हुनेमा आफुहरु विश्वस्त रहेको बताएका थिए। बिजय जुलुसको क्रममा मधेश प्रदेश सदस्य शिव पटेल, बहुदरमाई गाउँपालिका उपमेयर शुष्मा कुशवाहा , नेता सुनिल कुशवाहा , प्रमोद कुशवाहा , पुरन कुर्मी लगायत कार्यकर्ताहरुको सहभागीता रहेको थियो ।

## ठोरीबासीले अब निःशूल्क रगत पाउने, गाउँपालिका र नेपाल रेडक्रस सोसाइटी पर्साबिच सम्झौता



**वीरगञ्ज, १३ मंसिर ।** पर्साको ठोरी गाउँपालिकाबासीले नि:शूल्क रुपमा रगत प्राप्त गर्ने भएका छन् । ठोरी गाउँपालिका र नेपाल रेडक्रस सोसाइटी वीरगञ्ज पर्साबिच भएको सम्झौताबमोजिम त्याहाँका बासिन्दाका लागि आवश्यक पर्ने रगत नि:शूल्क रुपमा प्राप्त गर्ने भएका हुन् ।

रक्तसञ्चार केन्द्र वीरगञ्जसँग भएको सम्झौतामा ठोरीका बासिन्दालाइ उपचारका लागि आवश्यक पर्ने रगत चिकित्सकको सल्लाहअनुसार प्रदान गर्न भनिएको छ भने त्यसको भुक्तानी ठोरी

बाँकी तेश्रो पृष्ठमा

## मधेश सरकारका तीनजना मन्त्री पराजित



मधेश प्रदेशमा मधेश सरकारका तीनजना मन्त्री पराजित भएका छन्। मंगलबार आएको अन्तिम मत

बाँकी तेश्रो पृष्ठमा

## कलवारलाई ठुलो झटका, श्रीमती र सहयोगी माथि बिषेश अदालतमा मुद्दा दायर

**वीरगञ्ज, १३ मंसिर ।** नारायणी सिंचाई ०२ नम्बर ब्लाकको लाखौ रकम कामै नगरि नक्कली बिल भरपाई पेश गरेर निकाशा लिएको पुष्टी भएपछि कलवारको श्रीमती र सहयोगीलाई बिषेश आदालतमा मुद्दा दायर गरिएको अख्तियारका प्रवक्ता श्याम प्रसाद भण्डारीले जानकारी दिनु भयो ।

पर्सा– पर्साको कालिकामाई गाउंपालिका १ मुड्ली निवासी नामुद तस्कर दिनेश कलवारलाई ठुलो झटका लागेको छ ।

भ्रष्टाचार अभियोगमा उनको श्रीमती कुसुम देवी कलवार र प्रमुख सहयोगी राजकिशोर पटेल माथी अखितयार दुरुपयोग अनुसंधान आयोगले बिषेश अदालतमा मुद्दा दायर गरेको छ ।



नारायणी सिंचाई ०२ नम्बर ब्लाकको लाखौ रकम कामै नगरि नक्कली बिल भरपाई पेश गरेर निकाशा लिएको पुष्टी भएपछि कलवारको श्रीमती र सहयोगीलाई बिषेश आदालतमा मुद्दा दायर गरिएको अख्तियारका प्रवक्ता श्याम प्रसाद भण्डारीले जानकारी दिनु भयो ।

दुबै जनाबाट जनही ५ लाख ६१ हजारको दरले बिगो वसुल तथा कैद सजाएको मांग गरिएको हो । बिषेश अदालतमा भ्रष्टाचार मुद्दा दायर भएपछि सार्वजनिक पदमा रहेको व्यक्ति स्वत: पदमुक्त हुने व्यवस्था रहेको छ ।

सो व्यवस्था अनुसार आज कै मितिबाट कलवारको श्रीमती कुसुम र उनका सहयोगी पटेल पदमुक्त भएका छन ।

दिनेश कलवारले तस्करीबाट अकुत सम्पती खडा गरि रकमी चलखेलको आधारमा श्रीमती कुसुम देवीलाई नारायणी सिचांई ब्लाक २ को अध्यक्ष र प्रमुख सहयोगी राजकिशोरलाई कोषाध्यक्ष बनाएका थिए ।

२०६१ मा स्थापना भएको ब्लाक नम्बर २ को अध्यक्ष र कोषाध्यक्षमा कलवार श्रीमती र पटेल

बाँकी तेश्रो पृष्ठमा




ज्योती जागरण

दैनिकको लागि
प्रकाशक

ज्योती मिश्रा (मोबाइल : ९८१९२८८३०१)

सम्पादक : अजय कुमार कुशवाहा
कार्यकारी सम्पादक : सञ्जिव मिश्रा (९८५५०३३६०१)
अतिथी सम्पादक : कृष्णा कुशवाहा
विशेष प्रतिनिधी : मुस्तुफा आलम
कानूनी सल्लाहकार : पन्नालाल गुप्ता
कार्यालय : वीरगञ्ज-१३ राधेमाई,
इमेल : news.jyotidainik@gmail.com

मुद्रक : शुभलक्ष्मी अफसेट प्रिन्टिङ प्रेस

# समृद्धि, चुनावी नारामै सीमित

**रमेश गौतम**

समृद्धि कागजमा लिपिबद्ध गर्दैमा, पर्चामा लेख्दैमा र सभाहलमा सभा गर्दैमा हुने कुरा होइन।
समृद्धि शब्दको अर्थले सम्पन्न हुनु वा समृद्ध हुनुको भावलाई बुझाउँछ। समृद्धि भनेको कुनै पनि भौतिक अवस्था वा वस्तुको सकारात्मक तथा विकासतर्फको गुणात्मक परिवर्तन पनि हो। कुनै पनि देशको मुख्य उदेश्य समग्र देश र जनताको जीवन समृद्ध पार्नु हुन्छ। समृद्धिका लागि हामीसँग सिंगो मानव इतिहास छ, हामी नेपाली समृद्धिका लागि लिच्छविकाल, मल्लकाल, राणाशासन, शाहकाल हुँदै अहिले पनि यही समृद्धिका लागि लड्दै छौँ, कराउँदैछौँ, नारा लगाउदैछौँ।
आजसम्मको नेपाली राजनीति यही एउटा समृद्धि भन्ने शब्द र सो शब्द प्रयोग गरेर बनेका शब्दका फगत अर्थविहीन हरफ वा नाराको वरिपरि घुमेको त छ नि। हुन त समृद्धि नचाहने को नै होला र ? कुन कालखण्डनै होला र ? समृद्धि आफैंमा सापेक्षिक शब्द हो। त्यसैले यो भौतिक जगत् त्यसमा पनि २१औं शताब्दीको यो वैज्ञानिक युगमा समयसापेक्ष समृद्धिको चाह राख्नु मनासिव नै हो। त्यसैले त यो समृद्धि शब्द अवस्था र स्थितिको तुलना गर्न प्रयोग हुने सापेक्षिक शब्द हो।
अहिले देश संघीय संरचनामा चलिरहेको छ। देशमा हाल ७ सय ५३ स्थानीय सरकार छ। ६ हजार ७ सय ४३ वटा वडा छ। देशले पाँचवर्षे संघीय शासन खेपेर गत वैशाखको स्थानीय निर्वाचनमार्फत हरेक स्थानीय तहले फेरि पाँचवर्षे स्थानीय जनादेश भर्खरै पाएको छ। स्थानीय निर्वाचन भएको झन्डै ६ महिना भयो। यसअघि चुनावमा सुनिएका समृद्धिका नारा यो चुनावमा पनि हुबहु सुनिए, ठाउँ र परिवेशअनुसार विभिन्न समृद्धिका नारा बने। त्यस समय झट्ट नेताको भाषण र नारा सुन्दा विकास त अब केही महिनामा हुँदैछ भन्ने किसिमको थियो। तर चुनावको नतिजासँगै ती नारा ती तथ्यांक गुमनाम भए। प्राय: चुनावमा समृद्धिको नारामा भौतिक अवस्था बदल्ने कुरा मात्रै गरिन्छ। तर आम जनताको समस्या के हो ? ती समस्याको समाधानको बिन्दु कहाँ छ ? त्यसलाई कसरी सम्बोधन गर्न सकिन्छ भन्ने तर्फ कसैको ध्यान गएको देखिँदैन र सोहीअनुसारको जनताको खास समस्या सम्बोधन गर्ने नारा कहिल्यै बन्दैन। त्यति मात्रै होइन, विकासको तहगत वर्गीकरण के हो ? कुन तह र कुन अवस्थाको विकास सर्वप्रथम गर्न आवश्यक छ ती कुराको पहिचान र अध्ययनबिनाको विकासे नारा र विकास कति टिकाउ र प्रभावकारी हुन सक्ला ?
नेपाललाई कृषि प्रधान देश भनिन्छ। जस्को अर्थ नेपालमा अन्य स्रोत र साधनभन्दा कृषि कर्म प्रधान वा मुख्य छ भन्ने हो। तर आजको दिनसम्म यो भनाइमै मात्रै सीमित छ। कृषि प्रधान भनिएता पनि कृषिमा देशको लगानी छैन, कृषि क्षेत्रमा हुने समस्याको अनुसन्धान र अनुगमन छैन। यही अनुगमन र नीति नियमको अभावमा कृषि योग्य जमिन बस्तीको रूपमा नासिँदै छ। अनि कसरी हुन्छ त कृषि क्रान्ति ? प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना र नारा लगाएको केही वर्ष बिते पनि यो परियोजना पनि सीमित पहुँचवालाको मुठीमा छ। वास्तविक किसान अनुदान र सरकारबाट दिने सेवा सुविधाबाट वञ्चित छन्। अनि कसरी पूरा हुन्छ कृषिमा समृद्धिको नारा ?
हामी नेपाली भावनामा रमाउछौं। हामीमा काममा भन्दा कुरामा रमाउने आदत छ। हामीलाई खुसी हुन ठूला काम चाहिँदैन साना मिठा कुरा भए पुग्छ। साँच्चै भन्नुपर्दा हामी नेपालीमा विकासमा भन्दा नाराका ती लयबद्ध आवाजमा रमाउने आदात छ। हामी सोच्छौं समृद्धि भनेको ठुलाठुला विकास गर्नु हो। विश्वका धनी देशहरूसँग प्रतिस्पर्धा गर्नु हो । अनि हामी सोच्छौ पैसाले मात्रै पनि समृद्धि हुन्छ। समृद्धि आर्थिक तथा भौतिक विकासमा छ। तर होला अधिकांश विकासलाई आर्थिक स्रोतले असर पार्ला, भौतिक विकासले समग्र विकासको प्रतिबिम्बित गर्ला तर यो सँगै समृद्धिमा हामीले सामाजिक, भावनात्मक, सांस्कृतिक र पर्यावरणीय पक्षको पनि समानान्तर प्रगति गर्नुपर्ने कुरा अकाट्य छ।
देशको आर्थिक उन्नति प्रगति र समृद्धिका लागि देशका आम नागरिकमा गाउँ, समाज र देशप्रति उत्तरदायी हुने, देशका लागि केही गर्नुपर्छ भन्ने भावना विकसित गराउनु सर्वप्रथम आवश्यकता हो। यदि यस्ता धारणा जनतामा जागृत गराउन सकेमा देश विकासमा राम्रो सघाउ पुग्छ। त्यस्तै देशको विकास भन्नाले सामाजिक, सांस्कृतिक, पुरातातात्विकक र पर्यावरणीय पक्षको पनि विकास हो भनेर त्यसतर्फ पनि सोचेर विकासमा समानान्तर तरिकाले अघि बढ्दा देश वास्तविक चुरो रूपमै विकासमा अघि बढ्छ। किनकि हाम्रो देश सांस्कृतिक, पर्यावरणीय र पुरातातात्विकक रूपमा पनि धनी छ, यी र यस्ता कुरालाई मतलव नगरी देशको समग्र विकास हुन सक्दैन।
अस्वस्थ राजनीति दाउपेच, भ्रष्टाचार, अशिक्षा, द्वन्द्व, बेरोजगारी, महामारी देशका समृद्धिका बाधक हुन्। यी र यस्ता कुराहरूले देश समृद्ध हुनबाट धकेलिन्छ। हाम्रो देशमा हुने गरेका सामाजिक विभेदले पनि देशको सिंगो विकास र समृद्धिलाई पछाडि धकेलेको छ। राजनीति वास्तवमा सेवा हो तर नेपालको हकमा यो पेसा सरह भएको छ। नेपालमा राजनीति दाउपेचको आधारमा गरिन्छ, यहाँ स्वार्थको राजनीति छ। राजनीति गर्नेसँग सेवा गर्नेभन्दा पनि कमाउने, लुट्ने भावना बढी छ। गुण र दोषको आधारमा राजनीति भन्ने कुरा यहाको नेताका मनमा समेत छैन। आफूले गर्दा ठिक अरूले गर्दा बेठिक, आफू ठिक अरू बेठिक यहाँको राजनीति नियमजस्तै भएको छ। भ्रष्टाचार दिनानुदिन बढ्दो छ। गाउँको वडादेखि सिंहदरबारसम्म भ्रष्टाचार छ। नेपालमा ठुलो जनसंख्या अशिक्षाको रेखामुनि हुनुले पनि समृद्धिमा खास असर पारेको छ। दसवर्षे माओवादी जनयुद्ध तथा द्वन्द्वले पनि देशको समृद्धिको यात्रालाई दशकौं पछाडि धकेल्यो। बेलाबेलामा देखा पर्ने महामारी पनि समग्र देशको विकासको बाधक हो। हालसालै कोभिड– १९ महामारी देश विकासको बाधकको रूपमा देखा पऱ्यो।
अस्वस्थ राजनीति दाउपेच, भ्रष्टाचार, अशिक्षा, द्वन्द्व, बेरोजगारी, महामारी देशमा समृद्धिका बाधक हुन्।
समृद्धि कागजमा लिपिबद्ध गर्दैमा, पर्चामा लेख्दैमा र सभाहलमा सभा गर्दैमा हुने कुरा होइन। यसको लागि नेपाल सरकारको दृढ संकल्प, कर्मचारी र आम जनतामा देश विकास र समृद्धिप्रति सकारात्मक ऊर्जा, शैक्षिक जनशक्ति, शून्य भ्रष्टाचार, गुण र दोषको आधारमा हुने नैतिकवान् राजनीति चाहिन्छ। नेपालमा समृद्धिको नारा तब साकार हुन्छ जब सम्पूर्ण नेपाली जो दूरदराजमा रहेर औसत सुविधासहित जीवनयापन र विकासको अनुभूति गर्न पाउँछन्। हरेक नेपालीको मूलभूत आवश्यकता पूरा हुनु र समृद्धिको पहिलो आधार हो। यति भएपछि यिनै कुराहरू गुणात्मक रूपमा बढे मात्रै पनि देश विस्तारै विकास हुने थियो।
आम जनताले स्थानीय नेतृत्वबाट सामान्य अपेक्षा राखेका हुन्छन्। उनीहरूले खानेपानीको सहज व्यवस्था, गाउँमै आधारभूत तथा उच्च सर्वसुलभ शिक्षा, सर्वसुलभ स्वास्थ्य सेवा, कृषिमा अनुदान, सिँचाइको व्यवस्था, विद्युत् तथा गाउँमै सार्वजनिक सवारीसाधनको व्यवस्था, आफ्नो र बालबालिकाको सुरक्षा, कुनै संघसंस्थाबाट छिटो सजिलो झन्झटमुक्त सेवा यी र यस्तै किसिमको सेवा पाएमा जनता खुसी हुने र समाज

बाँकी तेश्रो पृष्ठमा

# गठबन्धनको इमानदारी

**माधवी भट्ट**

निकै उत्साहका साथ गठबन्धन गरेर निर्वाचनमा होमिएका सत्तारूढ दलहरूले आशानुरूप परिणाम ल्याउन सकेनन् । अनपेक्षित मत परिणामका कारण गठबन्धनमा रहेका पाँच दलहरूबीच अहिले शीतयुद्ध सुरु भएको छ । नेपाली कांग्रेस सत्तारूढ गठबन्धनको पक्षमै रहे पनि नेकपा ( माओवादी केन्द्र) र नेकपा (एकीकृत समाजवादी) को धारणा प्रस्ट भइसकेको छैन ।
प्रारम्भिक मत परिणामकै आधारमा यी दुई दलका कतिपय नेताले लोकतान्त्रिक गठबन्धन प्रत्युत्पादक रहेको टिप्पणी भने गरिसकेका छन् । माओवादी र एकीकृत समाजवादीका केही नेताले त वाम एकताका लागि भित्रभित्र नेकपा ( एमाले) सँग सम्पर्क पनि बढाइरहेको बुझिन्छ । चुनावी प्रचारप्रसारका क्रममा लामो समय गठबन्धनलाई निरन्तरता दिने वाचा गरेका दलहरूले मतपत्रको मसी सुक्न नपाउँदै अर्को समीकरणका लागि आवाज उठाउनु अनैतिक मात्र होइन, मतदाताप्रतिको बेइमानी र धोका पनि हो । किनकि सबै पार्टीले प्राप्त गरेको मतमा गठबन्धनको भावनाको प्रतिनिधित्व भएको छ ।
अघिल्लो निर्वाचनबाट देशकै ठूलो दल बनेको एमालेले पनि राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) र जनता समाजवादी पार्टी (जसपा) सँग चुनावी गठबन्धन गरेको थियो । राप्रपा र जसपासँग गठबन्धन गरेको एमालेले चुनाव अघि र पछि लगातार नेपाली कांग्रेससँग सहकार्य गर्न सकिने अभिव्यक्ति दिइरहेको छ । माओवादी र समाजवादीसँग सहकार्यको वातावरण मिलाउन एमालेले कांग्रेस कार्ड प्रयोग गरेको बुझ्न कठिन छैन । वाम गठबन्धनका कारण अघिल्लो निर्वाचनमा प्रत्यक्षतर्फ ८२ सिट प्राप्त गर्न सफल एमाले अहिले झन्डै त्यसको आधा सिटमा खुम्चिन पुगेको छ । यो क्षति पूरा गर्न जस्तोसुकै गठबन्धन गर्ने छुट एमालेलाई पनि छैन । एमालेले कांग्रेस कार्ड प्रयोग गरेपछि माओवादी र समाजवादी हच्किएका छन् । परिणामस्वरूप सत्तारूढ गठबन्धनको निरन्तरताका लागि छलफल गर्ने निष्कर्षमा कांग्रेस सभापति शेरबहादुर देउवा र माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल पुगेका छन् । यद्यपि माओवादी नेता वर्षमान पुन र देव गुरुङ लगायतले वाम एकताका लागि प्रयत्न गर्ने सार्वजनिक अभिव्यक्ति दिइसकेका छन् ।
यति बेला सत्तारूढ र विपक्षी दुवै गठबन्धनले निर्वाचनपूर्वका कमीकमजोरीको समीक्षा गर्न, आआफ्ना पार्टीको एकल सामर्थ्य र प्राप्त मतको मूल्यांकन गर्न र निर्वाचनले ल्याएको नयाँ जागरण वा सन्देशलाई आत्मसात् गर्दै भावी रणनीति बनाउन जरुरी छ । राजसंस्था ब्युँताउने मूल एजेन्डा भएको पुरातनपन्थी राप्रपाको राष्ट्रिय राजनीतिमा पुनरागमन भएको छ । सैद्धान्तिक धार र वैचारिक प्रस्टताबिना नै प्रदेशसभा खारेजीको एजेन्डा लिएर निर्वाचनमा होमिएको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) संसद् र सरकार निर्माणमा हस्तक्षेप गर्न सक्ने गरी उदाएको छ । पूर्वी मधेशमा २०६२/६३ को आन्दोलनपछि सशक्त बनेका क्षेत्रीय राजनीतिक दलहरू लोकतान्त्रिक समाजवादी पार्टी ( लोसपा) र जसपालाई खुम्च्याउँदै कुनै समय विखण्डनकारी भनिएका सीके राउतको जनमत पार्टीले केही सिट हात पारेको छ । पश्चिम तराईमा थरुहट आन्दोलनको जगमा अघि बढेको रेशम चौधरीको नागरिक उन्मुक्ति पार्टीले पनि जनमत बटुलिरहेको छ । राजसंस्था शिरमा बोकेको राप्रपा होस् वा प्रदेशसभाको खारेजीको एजेन्डा बोकेको रास्वपा, दुवैको मतले संविधानमाथि धावा बोलेको छ । यो कांग्रेस, एमाले, माओवादी र एकीकृत समाजवादीका लागि साझा चुनौती हो । जनमत र जनमुक्ति पार्टीले आआफ्नो भूगोल र समुदायप्रति राष्ट्रको ध्यान खिचेका छन् ।
अप्रत्याशित रूपमा विकसित भएका घटनाक्रमको सूक्ष्म विश्लेषण नै नगरी गठबन्धनभित्रको आरोप-प्रत्यारोपले मात्र निकास दिन सक्दैन । राप्रपाको पुनरुदयमा एमालेको विशेष भूमिका भए पनि कांग्रेस र माओवादीको भूमिकालाई पनि नकार्न सकिँदैन । रास्वपाले मुख्य रूपमा कांग्रेससँग असन्तुष्टहरूको मत बढी बटुलेको भए पनि एमाले र माओवादीका विद्रोहीहरूले पनि घण्टी नबजाएका होइनन् । खासमा परम्परागत राजनीतिक दलहरूको यथास्थितिवादी चरित्रविरुद्ध आम जनता र तिनै पार्टीका संगठित कार्यकर्ताले गरेको विद्रोहको परिणामस्वरूप देशैभरि सुनिने गरी रास्वपाले घण्टी बजाउन सकेको हो । पुराना दलहरूको पैसामुखी निर्वाचन र भड्किलो प्रचारप्रसारविरुद्ध पनि हो यो जनमत । मधेशका राजपा र जसपाको सत्ताकेन्द्रित र अस्थिर राजनीतिबाट तराईका जनता वाक्क भइसकेकाले जनमत र उन्मुक्ति पार्टीले आकार विस्तार गरेका हुन् ।
एमाले नेतृत्वको विपक्षी गठबन्धनमा एकअर्काविरुद्ध अभिव्यक्ति सार्वजनिक भएका छैनन् । सत्तारूढ गठबन्धनका दुई दल माओवादी र एकीकृत समाजवादीले भने प्रत्यक्ष-अप्रत्यक्ष रूपमा कांग्रेसको मत ट्रान्सफर हुन नसकेका कारण आफूहरू पछि परेको दाबी गरेका छन् । उनीहरूले के बिर्सिएका छन् भने, गठबन्धनमा रहेको

बाँकी तेश्रो पृष्ठमा

# मौलाउँदो अराजनीतिका शासकीय जोखिमहरु

**अच्युत वाग्ले**

राजनीति के हो, के होइन अथवा के हुनुपर्छ भन्ने बहस बहुआयामिक र अनन्तजस्तै छ । तर अभ्यास, आवश्यकता र परम्पराले यसको परिभाषालाई धेरै हदसम्म अनुशासित र अभिसारी (कन्भर्जिङ) बनाएको छ । यस्तो ‘कन्भर्जन’ को सबभन्दा प्रखर रूप लोकतन्त्र नै हो, जुन इतिहासको लामो कालखण्डमा क्रमश: परिष्कृत र मानव-मूल्यमैत्री हुँदै आएको छ । केही मान्यता र अवधारणाहरू अब अकाट्य सूक्ति नै भइसकेका छन् ।
अरस्तुले मानिसलाई ‘राजनीतिक प्राणी’ भनेका थिए । उनले भने, राजनीति शासन (गभर्मेन्ट) का लागि हो जुन एक वा अनेक व्यक्तिका हातमा हुन सक्छ । असल व्यवस्थाका लागि एक व्यक्तिको शासन राजतन्त्र हो, तर निजी लाभ मात्र लिए त्यही शासन तानाशाही ( टिऱ्यानी) हो । अल्पसंख्यकको शासन अभिजाततन्त्र (एरिस्टोत्रेसी) र शासकीय वृत्तको स्वार्थमा लिप्त कुलीनतन्त्र ( ओलिगार्की) हो । पच्चीस सय वर्षअघि गरिएका यी परिभाषापछि राजनीति र शासनबारे लाखौं नयाँ परिभाषा र व्याख्याहरू खोजिएका छन् । तथापि सारभूत तत्त्वहरू सनातन स्वीकृति र अभ्यासमा छन् ।
बेलायतको म्याग्नाकार्टा (सन् १२१५) ले आधुनिक लोकतन्त्रको जग राख्यो । अमेरिकी स्वतन्त्रताको घोषणा (सन् १७७६) ले संघीय प्रणालीको शासकीय सम्भावनालाई उजागर गऱ्यो । सन् १९६० को दशकको अमेरिकी नागरिक अधिकार आन्दोलनले समावेशी राजनीतिको आवश्यकतालाई मूलधारमा ल्यायो । अनेकौं रङका राजनीतिक सिद्धान्तहरूलाई ‘साधन’ बनाएर राज्यको वैधानिकता, सामाजिक न्याय, समानता र समृद्धिका ‘साध्य’ प्राप्त गर्ने फरक दर्शन र विचारहरूको अस्तित्व र त्यस्तो अस्तित्वको सामाजिक स्वीकृतिले बहुलवादी राजनीतिलाई जन्म दिएको हो । विधि, मूल्य, परम्परा र मान्यतामा आधारित विचारहरूको प्रतिस्पर्धा नै लोकतान्त्रिक शासनपद्धतिको अपरिहार्य एवम् सुन्दर पक्ष हो । सामान्यत: यो वैश्विक तहमै स्वीकार्य राजनीतिको आधुनिक परिभाषा हो ।
राजनीतिशास्त्रलाई व्यवहारवादी दृष्टिकोण (बिहेभिअरल अप्रोच) दिने श्रेय पाएका सिकागो विश्वविद्यालयका प्राध्यापक चार्ल्स ई. मेरियमले लोकतन्त्रलाई ‘सार्वजनिक सम्पत्ति वितरणको निर्णयमा लोकको सहभागिता र स्वीकृति’ भनेका छन् । यसलाई उनले पाँचवटा मान्यतामा आधारित बनाएका छन्– १. मान्छेको अपरिहार्य मर्यादा, २. जाति, वर्ग र दमनका अवधारणा चिर्दै मानिसका सम्भावनाहरूको उजागर, ३. सार्वजनिक सम्पत्तिको अधिक विलम्ब र लाभमा अधिक विभेद नगरीकन वितरण, ४. विधि, स्वतन्त्रता र न्यायलाई आधार बनाएर शासितहरूद्वारा राज्य संयन्त्रका संस्था र शैलीप्रतिको सुसूचित अनुमोदन गर्ने अवसर, र ५. हिंसा र क्रूरतारहित साझा विचार मन्थनबाट निर्णयमा पुग्ने राजनीतिक मूल्य-मान्यता (हेर्नुस्, द मिनिङ अफ डेमोत्रेसी, सन् १९४१) । झन्डै एक शताब्दीयता क्रमश: संस्थागत भएका यिनै मानकहरूले सत्ता र शासनमा पुग्ने कसरत र विधि कति लोकतान्त्रिक वा अलोकतान्त्रिक, अग्रगामी वा प्रतिगामी, अथवा मानवमूल्यसापेक्ष वा निरपेक्ष छ भन्ने लेखाजोखाको सांगोपांग आधार दिन्छन् । लोकतन्त्र र अग्रगमनको लक्ष्य भेट्टाउने बाटोचाहिँ यिनै मूल्यमा आधारित राजनीति हो, तिनलाई सकेसम्म क्रूरता र हिंसाले खण्डित गर्ने अराजनीति होइन ।
नेपालको भर्खर सम्पन्न संसदीय चुनाव लोकतान्त्रिक संघीयतालाई संस्थागत गर्ने दिशामा निश्चय नै एउटा कोसेढुंगा हो । तथापि, यससँगै नेपालका राजनीतिक दल र राजनीतिक पात्रहरूको सत्ताप्राप्तिको दौड जुन आयाम र गतिमा ‘अराजनीति’ मा रूपान्तरण हुने क्रम देखिएको छ, त्यो वास्तवमै चिन्ताजनक छ । यसलाई लोकतन्त्र आफैंले ‘करेक्सन’ गर्दै लैजाने ‘राजनीतिक’ बाटो प्रशस्त गर्नुपर्छ ।

केचाहिँ अराजनीति ?

केही वर्षयता आमसञ्चार माध्यममा, बौद्धिक बहसमा र वैकल्पिक राजनीतिको औचित्य साबित गर्नका लागि लगातार लागेको आरोप हो, ‘जनताको दलहरूप्रति तीव्र वितृष्णा जागेको छ ।’ निश्चय नै वितृष्णा थियो । तर त्यो दलहरूले अँगालेका विचार र त्यही अनुरूपको पहिचान झल्काउने संगठनप्रति थिएन । वास्तविक वितृष्णा दलहरूले आफूले अपनाएको विचार, घोषित मूल्य एवं उनीहरूका सुशासन र समृद्धिका अपूरा वाचाअनुरूप काम नगरेका कारण उत्पन्न भएको थियो । नेताहरूको व्यवहार अरस्तुले पहिल्याएको ‘टिऱ्यानी’ र ‘ओलिगार्की’ हुँदै जानु थियो । बहुदलीय लोकतन्त्रमा विश्वास गर्ने आम मतदाताको विश्वास यो प्रणालीको आधारस्तम्भ रहेका तिनै दलबाट हटेको छ भन्ने प्रचार अराजनीति थियो । जनताले मत खसाल्ने बेलामा अन्तत: उही पुराना ‘मम’ कि ‘चाउमिन’ दुईमध्ये एक दललाइर, खास गरी समानुपातिकतर्फ, अत्यधिक रुचाएको परिदृश्यले पनि त्यही प्रमाणित गर्छ । अथवा, विचारका आधारमा संगठित भएका दलहरू अब आवश्यक छैनन् भन्ने अराजनीतिक तर्कलाई खारेज गरेको छ । ‘स्वतन्त्र’ को फुँदो जोडेर चुनाव लड्न चाहनेहरूलाई पनि आखिर दल त चाहिने नै रहेछ । यथार्थ यो हुँदाहुँदै पनि, नेतृत्वको व्यवहार र शैलीप्रतिको वितृष्णालाई देखाएर बहुदलीय लोकतन्त्र र संघीयतामाथि प्रहार गर्ने अभियानले नेपालको अपनाएको राज्यप्रणाली र शासकीय स्वरूपमाथि संकट थप्दै लैजाने देखिन्छ ।
संसारका प्राय: सफल र क्रियाशील मानिएका लोकतन्त्रहरूमा प्रमुख दुई दलबीचमै मुख्य प्रतिस्पर्धा हुने गरेको छ । मौसमी रूपमा उदाउने शक्तिहरू

बाँकी तेश्रो पृष्ठमा

# चुनावी......

तात्क्षणिक सफलता हात पारेर सत्तामा पुगे पनि सदावहार छनोट, कहिले लगातार त कहिले पालैपालो, 'मम' र 'चाउमिन' बीचमै हुने गरेको छ; त्यो रिपब्लिकन र डेमोक्र्याट, कन्जर्भेटिभ र लेबर वा कांग्रेस र कम्युनिस्ट जे नाममा भए पनि । सबभन्दा चाखलाग्दो के छ भने, नेपालमा 'मम' र 'चाउमिन' को भाष्य खडा गर्ने अभियन्ता र तर्कबाजहरूमध्ये मुख्य गरी पञ्चायतकालमा राज्यको ढुकुटीमा हालीमुहाली गरेका, त्यो प्रणालीबाट पालित-पोषित भएर नवधनाढ्य बनेका र तिनका नयाँ पुस्ताका अवतारहरू छन् । यो निर्दलीय पद्धतिको वकालत गर्नेहरूले अघि सार्ने तयारी प्रतितर्क हो- अहिलेका दलीय नेताहरूले राज्यको ढुकुटी दुरुपयोग गरेनन् र ?

निश्चय नै गरे । यहाँ अक्सर उल्लेख गर्न छुटाइने मिहिन फरक के हो भने, पञ्चायत प्रकृतिको तानाशाही व्यवस्था नै गलत हो, किनभने त्यसले शासकहरू परिवर्तन गर्ने हैसियत राख्दैनथ्यो । लोकतन्त्रमा जनताले साँच्चिकै आँटे भने 'ठूला' नेताहरूलाई पनि सर्लक्कै बढारेर फालिदिन सक्छन् । अहिलेका र पहिलेका पनि अनेकौं चुनावले यो साबित गरिदिएका छन् । यसर्थ, दलीय प्रतिस्पर्धायुक्त लोकतन्त्र नै असान्दर्भिक भएको जुन अराजनीतिक भाष्यलाई जबर्जस्ती स्थापित गर्ने कोसिस भएको छ, त्यसमा लोकतन्त्रलाई बलियो पार्ने असल नियत छैन ।

संघीयताको भविष्य

संघीय प्रणाली, पहिचानको राजनीति र स्थायित्व असाध्यै संवेदनशील विषय हुन् । यी विषयमाथिको राजनीतिक बहस अत्यन्तै सजगतापूर्वक हुनु आवश्यक छ । संसदीय चुनावको परिणामले संघीयताविरोधीहरूको गठजोड थप बलशाली हुने र संघीय प्रणाली परिवर्तनको आवाज संसदै घनीभूत हुने अड्कलबाजी बढाएको छ । तर, संघीयताका विपक्षमा रहेका सबै विचारलाई एउटै डालोमा हालेर यस्तो निष्कर्षमा पुग्नु राजनीतिक अपरिपक्वता हुनेछ ।

चित्रबहादुर केसीहरूको भौगोलिक अखण्डतालाई केन्द्रमा राखेर अघि सारिएको संघीयताविरोधी तर्क, पूर्वराजावादीहरूको संघीयताको विरोध गरेर निर्दलीय राजतन्त्रको औचित्य स्थापित गर्ने अभीष्ट र रवि लामिछानेको आफ्नो दलका प्रदेशसभा उम्मेदवार नभएका कारण प्रदेशसभा सदस्यको मतपत्रमा मतदान नगर्ने व्यवहार आदि सबैको राजनीतिक उद्देश्य एउटै होइन ।

नेपालको संघीय पुनःसंरचना गर्दा प्रदेशहरूको सीमांकनको आधार वैज्ञानिक थिएन नै । अहिले उनीहरूको शासकीय प्रभावकारिता कसरी अभिवृद्धि गर्न सकिन्छ ? अथवा, प्रदेशबाहेक दुई तहको संघीयता आर्थिक र प्रशासकीय प्रभावकारिताका दृष्टिले बढी उपयुक्त हुन सक्ला कि भनेर असल नियतका साथ चलाइने बहसलाई अराजनीतिक भन्न मिल्दैन ।

संघीय अर्थराजनीतिको विद्यार्थीका रूपमा यो पंक्तिकारले पनि दर्जनौं आलेखमार्फत त्यस्ता प्रश्नहरू उठाएको र वैकल्पिक अवधारणासहित आफ्ना विचारहरू दिएको छ । तर अहिले, संघीयताले भन्दा एकात्मक राज्यले मुलुकलाई द्रुत गतिमा विकासमा अगाडि बढाउँछ वा संघीयता सम्पूर्णत: अभिशाप भयो भन्ने प्रतिगामी भाष्यको उद्गम मूलत: निरंकुश राजतन्त्र पक्षधर राजनीति हो ।

नयाँ उदाएका राष्ट्रिय स्वतन्त्र पार्टीजस्ता राजनीतिक शक्तिहरूले अगाडि सार्ने, यही राजनीतिक प्रणालीको सुदृढीकरण वा कुनै थप वैकल्पिक प्रणालीको प्रस्तावनाको खाका अहिलेसम्म प्रस्ट भएको छैन । हलुका लहडमा मुलुकले फेरि राजनीतिक प्रणाली फेर्ने गम्भीर र पेचिलो परीक्षणको मूल्य चुकाउन सक्दैन ।

पहिचान र स्थायित्व

नेपालमा पहिचानको राजनीतिका आधार जातीय, क्षेत्रीय, भाषिक, सांस्कृतिक अनेकौं रूपबारे धेरैथोरै वकालत भएका छन् । यीमध्ये क्षेत्रीय-सांस्कृतिक पहिचानको तराई आन्दोलनले सबभन्दा बलशाली ढंगले पहिचानको राजनीतिलाई स्थापित गऱ्यो ।

यसले उपेन्द्र यादव र राजेन्द्र महतोजस्ता पात्रहरूलाई राष्ट्रिय राजनीतिमा ल्यायो । महन्थ ठाकुरजस्ता आजीवन मूलधारको राजनीति गरेका व्यक्तित्व क्षेत्रीय पहिचानको राजनीतिमा लागे । तर, यस पटकको चुनावको परिणामले यादव र महतो प्रवृत्तिको राजनीतिलाई किनारमा धकेलेको छ । त्यति मात्र होइन, उनीहरूको सट्टा एमालेजस्तो तराई-मधेशविरोधी छवि बनाएको पार्टीलाई त्यहाँ पुनःस्थापित गरेको छ र पहिचानको राजनीतिको नयाँ जिम्मेवारी सीके राउत र रेशम चौधरीहरूका हातमा सुम्पिएको छ ।

यो मतादेशको महत्त्वपूर्ण संदेश के हो भने, तराईका जनताले एमालेसँगको साइनो, त्यो दलसँग गठबन्धन गरेपछि, यादवमार्फत राख्नुको सट्टा सीधै राख्न चाहे । पहिचानको राजनीतिलाई ज्युँदो राख्ने तर मूलधारको राजनीतिबाट अलग नहुने चाहना तराई-मधेशले एमाले र कांग्रेसका उम्मेदवारहरूलाई क्षेत्रीय दलहरूका तुलनामा अत्यधिक संख्यामा जिताएर दिएको छ ।

चुनावको परिणामले फेरि त्रिशंकु संसद् र जोडघटाउको गठबन्धन सरकारका लागि ढोका खोलेको छ । यससँगै राजनीतिक स्थायित्वको प्रश्न अगाडि आएको छ । स्थायित्वका दुईवटा पक्ष छन् ।

पहिलो, कुनै खास स्वरूपको सरकारको स्थायित्व, जसलाई अहिले एमालेका नेताहरूको छलफलमा ल्याएका छन् । दोस्रो, राजनीतिक प्रणाली र संवैधानिक स्थायित्व । समयमै सम्पन्न भएका स्थानीय तह र संसदीय दुवै आवधिक चुनावहरूपछि प्रणालीगत स्थायित्वमा महत्त्वपूर्ण योगदान पुगेको छ ।

त्यसबाट उदाएका नयाँ शक्ति र पात्रहरूले पुराना स्थापित भनिएका दलहरूको अनिवार्य र युगसापेक्ष रूपान्तरणका लागि एजेन्डा दिएका छन् र व्यवहार बदल्न राम्रै दबाब सृजना गरेका छन् । उनीहरूको आफ्नै लोकतान्त्रिक पहिचानलाई संस्थागत गर्ने आन्तरिक चुनौती उत्तिकै ठूलो छ । यी सकारात्मक गतिशीलता हुन्, जसलाई स्थायित्वको आवश्यकताको तर्कले खण्डित गर्नु आवश्यक छैन ।

यसको अर्थ सरकारको स्थायित्व महत्त्वपूर्ण छैन भन्ने होइन । तर प्रणालीलाई नै अस्थिर बनाउने पात्रहरूलाई सत्ताबाट विस्थापित नै गर्न नसक्ने प्रकृतिको स्थायित्व लोकतान्त्रिक राजनीतिक प्रणालीले कल्पना गर्न सक्दैन ।

यदि अहिलेको संसदीय प्रतिनिधित्वको व्यवस्थाले हत्तपत्त बहुमतको सरकार बन्न नसक्ने अवस्था सृजना गरेको र त्यही कारण सुशासन, समृद्धि र सेवाको पहुँचमा बाधा पुगेको हो भने बहसको दिशा प्रतिनिधित्वको सूत्र थप व्यावहारिक बनाउनेतर्फ अग्रसर हुनुपर्छ । त्यो बहस प्रतिक्रियात्मक, छुद्र र क्षणिक राजनीतिक स्वार्थप्रेरित होइन, अहिलेको भन्दा उन्नत विकल्प दिन सक्षम हुनुपर्छ ।

अन्त्यमा, अबको वास्तविक बहस मुलुकको जर्जर अर्थतन्त्र, धराशायी भएको शिक्षा प्रणाली, भ्रष्टाचारजन्य राजनीतिक प्रतिस्पर्धाले निम्त्याएका जोखिम, चरम प्रतिभा पलायन, अपुग पूर्वाधार, कमजोर शासकीय क्षमता र आम जनताका पहुँचबाट अझै टाढै रहेका सार्वजनिक सेवामा विद्यमान समस्याहरू समाधान गर्ने, उर्वर हुनुपर्छ । जुन रङ, समीकरण वा गठबन्धनको सरकार बने पनि मुलुकका प्राथमिकता र कार्यसूची अहिलेलाई यिनै हुन् । यसका लागि प्राध्यापक मेरियमले सूत्रवद्ध गरिदिएकै मार्गचित्र पर्याप्त छ । अबको राजनीतिको दिशा त्यही हो । नयाँ संसद् र सरकारले सत्ता छिनाझपटीको बाँफो अराजनीतिक बहसमा समय खेर फाल्नु बिलकुलै हुँदैन । त्यो बाटो राजनीतिक दल र मुलुक दुवैका लागि जोखिमपूर्ण साबित हुनेछ ।साभार : कान्तिपुर

# समृद्धि....

र राष्ट्रको लागि केही गर्न पनि तत्पर रहन्थे तर आजको दिनमा जनताले न्यूनतम सेवासमेत नपाएको स्थिति छ त्यसकारण पनि जनता नेता र नेतृत्वप्रति सन्तुष्ट छैनन् र समाज र राष्ट्रप्रति योगदान गर्न चाहनै गर्दैनन् ।

नेताले नारा प्राय: विकसित देशको नारा जस्तो बनाउँछन् तर सामान्यभन्दा सामान्य किसिमको काम गर्न सकेका छैनन्।

हाम्रो जस्तो विकासको पथमा भर्खरै लम्कन लागेको देशमा सामन्य उद्देश्य राखेर सो पूरा गरे त्यो नै महान् कार्य हुने थियो। हामी जस्तो विकासको हिसाबले पछि परेको देशले विकसित देशको विकास हेरेर मात्रै हुँदैन, समृद्धिले हठात हुने परिवर्तनलाई स्विकार्दैन पनि त्यसकारण हामीले त विस्तारै आफ्नै गति र शैलीमा विकास गर्नु छ। हामीले विकासको कुरा गर्दा नेपालमा ग्याँस, बास, कपास र स्वास्थ शिक्षा रोजगारमा सामान्य पहुँचसमेत नपुगेका नेपाली नागरिक पनि छन् र तिनको जीवनस्तर मध्यमस्तर नबनाएसम्म ठुला योजना र नारा शब्दमै सीमित हुन्छ भन्ने बुझ्न जरुरी छ।

समृद्धि तथा समग्र विकासको लागि गाउँ तथा समाजमा विकास र समृद्धिको बारेमा बेलाबेलामा खुल्ला बहस र छलफल गरिनुपर्छ। नेतृत्व तहमा बस्नेले जनताको आलोचना सुन्न, मनन् गर्न र सोहीअनुसार सच्चिन सक्नुपर्छ।

देशमा निर्माण भएका विभिन्न ऐन तथा कानुनको सबैले बराबरी पालना गर्नुपर्छ। राजनीति सेवामुखी र गुण र दोषको आधारमा गरिनुपर्छ। योग्य व्यक्तिलाई नेतृत्व गर्ने ठाउँमा पुऱ्याउनुपर्छ। अपराध र भ्रष्टाचार नियन्त्रण गर्नुपर्छ।

आन्तरिक उत्पादनमा वृद्धि गर्न सक्नुपर्छ। जनतालाई हरेक अवसरमा समान पहुँचको व्यवस्था गर्नुपर्छ। नागरिक समाज चनाखो, उत्तरदायी, खबरदारी गर्ने र राम्रो काममा स्याबासी दिने किसिमको हुनुपर्छ। युवाको युवा अवस्थाको उच्चतम प्रयोग गरी देश विकासमा प्रयोग गर्नुपर्छ। देशको संघीय संरचनाअनुसारको तीन तहबीच आपसी समन्वय हुनुपर्छ।

समाजमा अन्याय र विभेद अन्त्य गरिनुपर्दछ। यी र यस्ता आधारभूत कुराहरू व्यावहारिक रूपमा लागू गर्नेसके हामी नेपालिका लागि समृद्धि टाढा छैन। त्यसैले यस्ता कुराहरू लागू गर्नमा हामी सबै लाग्न जरुरी छ। **साभार अन्नपूर्णपोष्ट**

# गठबन्धनको....

मुख्य घटक कांग्रेसले पनि उम्मेदवारी दिएका करिब ४० प्रतिशत सिटमा पराजय भोगेको छ । गत आम निर्वाचनमा संघमा प्रत्यक्षतर्फ २३ सिट मात्र पाएको कांग्रेसले अहिले झन्डै दोब्बर अर्थात् करिब ५६ सिट जित्ने र विगतमा ३७ सिट जितेको माओवादीले अहिले करिब आधा सिट प्राप्त गर्ने देखिएकाले भोट ट्रान्सफर नभएको तर्क अघि सारिएको हो । यहाँनेर बुझ्नुपर्ने के छ भने, २०७४ सालमा आकस्मिक रूपमा गठबन्धन गरेर निर्वाचनमा होमिएका कारण मात्र माओवादी र एमालेलाई प्रत्यक्षतर्फ अत्यधिक जनमत प्राप्त भएको हो ।

जनताले त्यति बेला वाम गठबन्धनका कारण देशमा राजनीतिक स्थायित्वको अपेक्षा गरेका थिए । वाम गठबन्धन तीन वर्षमै दुर्घटनाग्रस्त भएपछि जनतामा गठबन्धनप्रति मोहभंग भएको देखिन्छ । एमाले, माओवादी र कांग्रेस एकल सामर्थ्यका आधारमा निर्वाचनमा होमिएका भए २०७४ सालको आम निर्वाचनमा कांग्रेस पक्कै पनि २३ सिटमा खुम्चिने थिएन ।

यस निर्वाचनमा एमालेले विभाजनको पीडा खेपेको छ भने माओवादीबाट चोइटिएर एमालेमा विलय भएको समूहले माउ पार्टीलाई धक्का दिएको छ ।

सत्ता गठबन्धनबाट सबैभन्दा बढी लाभ कमजोर संगठन भएको एकीकृत समाजवादीले लिएको छ । प्रत्यक्षतर्फ जम्मा १९ जनाको उम्मेदवारी दिएको उसले १० सिट जितेको छ, समानुपातिक मतमा भने ३ प्रतिशतको थ्रेस होल्ड कटाउन हम्मेहम्मे परिरहेको छ ।

कांग्रेस र माओवादीले दिएको साथ र समर्थनप्रति कृतघ्न हुँदै एकीकृत समाजवादीका नेताले भोट ट्रान्सफर नभएकाले आफ्ना उम्मेदवार पराजित हुन परेको छुद्र टिप्पणी गरेका छन् । मत परिणामको वस्तुगत विश्लेषण गर्ने हो भने यस्तो आरोप तथ्य र तथ्यांकभन्दा धेरै पर छ ।

सत्तारूढ र विपक्षी दुवै गठबन्धनले अपेक्षित परिणाम ल्याउन नसक्नुमा एकभन्दा बढी कारणहरू जिम्मेवार छन् । कांग्रेस र कम्युनिस्ट वैचारिक असमानता भएका र समाजको फरक समूहलाई प्रतिनिधित्व गर्ने संगठन हुन् । त्यसमा पनि एकीकृत समाजवादी र लोसपा भर्खरै जन्मिएका र जनतामा घुलमिल भइनसकेका पार्टी हुन् । कांग्रेस र माओवादी २०५२ सालदेखि २०६२ सालसम्म चलेको सशस्त्र द्वन्द्वमा एकअर्काप्रति साह्रै असहिष्णु रहेका कारण आम मतदाताले केन्द्रको गठबन्धनलाई सहजै नस्विकारेका हुन् ।

तर पनि पार्टी निर्देशन मान्न संगठित सदस्यहरू तयारै थिए । लोकतान्त्रिक अभ्यास भइरहेको हाम्रोजस्तो खुला समाजमा आंशिक रूपमा मत ट्रान्सफर नहुनु स्वाभाविक हो । एमालेले पनि वैचारिक विरोधाभासबीच राप्रपासँग गठबन्धन गरेको पार्टी कार्यकर्ताले स्विकारे पनि मतदाताले स्विकारेनन् । मधेशप्रति कटु आलोचक रहेका ओलीले निर्वाचनको मत आफ्नो पक्षमा पार्न जसपासँग गठबन्धन गरे पनि त्यो उपलब्धिमूलक हुन सकेन ।

आफ्नै पार्टीको उम्मेदवार हुँदा पनि अन्तर्घात हुने कांग्रेसको पुरानो रोग नै हो । बहालवाला प्रधानमन्त्री कृष्णप्रसाद भट्टराई आफ्नै पार्टीको अन्तर्घातका कारण पराजित भएको इतिहास ताजै छ । अन्तर्घातको यो रोग पछिल्ला वर्षहरूमा एमाले र माओवादीमा पनि सरिसकेको छ ।

एकीकृत समाजवादीका नेताहरू एमालेबाट दूरीमा रहे पनि कार्यकर्ताहरूको सूर्यमोह भंग भइसकेको छैन । अर्कोतिर, उम्मेदवारी छनोट र सिट बाँडफाँटमा भएको मनोमानी र हैकमवादले गठबन्धनका सम्भावित र सुरक्षित सिटहरू गुमेका हुन् । ओलीले पार्टीभित्रका आलोचक नेताहरू भीम रावल, घनश्याम भुसालहरूलाई किनाकाट गर्दा क्षति भोग्नुपऱ्यो ।

सहरी क्षेत्रमा माओवादी २०७० सालदेखि नै कमजोर साबित भएको थियो । आफ्नो जनमत नभएको जान्दाजान्दै काठमाडौंका तीन क्षेत्रमा माओवादीले उम्मेदवार उठाइछाड्ने ढिपीका कारण यी क्षेत्रहरू रास्वपाको पोल्टामा पुगेका हुन् । सोलुखुम्बुमा माओवादीको जित्ने सम्भावना हुँदाहुँदै कांग्रेसमा कोइराला समूहले बलबहादुर केसीलाई टिकट दिनैपर्ने अडान राखेका कारण सिट गुमेको हो ।

एकीकृत समाजवादीले आफ्नो मत नै नभएको पाल्पामा उम्मेदवार बनाएको थियो । यी केही उदाहरण मात्रै हुन्, देशैभरि यस्ता दृष्टान्त अनेकौं छन् । जहाँ जुन पार्टीको अत्यधिक मत छ त्यहाँ अर्को पार्टीको उम्मेदवार उठ्दा मत शतप्रतिशत ट्रान्सफर हुँदैन भन्ने बुझ्न नसक्नु कमजोरी हो । निर्वाचनअघि सत्ता गठबन्धनको बैठकमा कांग्रेस महामन्त्री गगन थापाले यो विषयलाई निकै चर्को रूपमा उठाएका थिए तर त्यसको सुनुवाइ भएन ।

माओवादी र एकीकृत समाजवादीले चुनावी परिणामको वस्तुनिष्ठ समीक्षा गर्नुको साटो कांग्रेसलाई तर्साउने र एमालेलाई फकाउने रणनीति एकसाथ अपनाइरहेका छन् ।

निर्वाचनको पूर्वसन्ध्यामा एमालेविरुद्ध दिएका अभिव्यक्तिहरू बिर्सिएर माओवादी तथा एकीकृत समाजवादीले जनताप्रति गैरजिम्मेवार भएको सन्देश प्रसार गरेका छन् । सत्तारूढ र विपक्षी दुवैले के बिर्सनु हुँदैन भने, ताजा जनादेशमा गठबन्धनको एकएक मतको हिसाब जोडिएको छ । त्यसलाई तोड्नु भनेको जनमतको उपेक्षा गर्नु हो ।सभार इकान्तिपुर

# माइस्थान.......

महानगरपालिकाले सवारी साधन प्रवेशमा रोक लगाएको थियो । सडक र पेटिको सौन्दर्यकरण पछि महानगरपालिकाले दर्शनार्थी र भक्तजनको सहजताका लागि सबै खाले सवारी साधन प्रवेशमा रोक लगाएको हो ।

ज्ञापन पत्र बुझ्दै प्रजिअ ढकालले महानगरपालिकासँग छलफल र समन्वय गरेर सवारी आवागमन सुचारुका लागि पहल गर्ने बताएका छन् ।

# ठोरीबासीले....

गाउँपालिकाले नै गर्ने सम्झौता पत्रमा लेखिएको छ ।

त्याहाँका बासिन्दाले चिकित्सकबाट गरिएको सिफारिसको प्रतिलिपी रक्तसञ्चार केन्द्रमा दिएर रगत प्राप्त गर्न सक्नेछन् ।

यस्तै गाउँपालिकाका कर्मचारीको हकमा गाउँपालिका अध्यक्ष, स्वास्थ्य प्रमुख एवम् प्रमुख प्रशासकिय अधिकृतले सिफारिस गर्नुपर्ने छ भने सर्वसाधारणको हकमा पहिचान खुल्ने प्रमाणपत्र पेश गर्नुपर्नेछ ।

प्रत्येक महिनाको ५ गतेसम्म रक्तसञ्चार केन्द्रबाट बिरामीलाई उपलब्ध गराइएको रगतको हिसाब गाउँपालिकाको प्रतिनिधिलाई उपलब्ध गराइने पनि सम्झौता पत्रमा भनिएको छ ।

सम्झौतामा कुनै किसिमको फेरबदल गर्नु परेमा एक पक्षले अर्को पक्षलाई पूर्व जानकारी गराउनुपर्ने छ । रगतको ब्याग, क्रसमैच, रुपिङ्ग एवम् परीक्षण वापत प्रति युनिट १ हजार ५० रुपैयाँ शुल्क गाउँपालिकाले नै तिर्ने ठोरी गाउँपालिकाका अध्यक्ष लालबहादुर श्रेष्ठले बताए ।

सम्झौता पत्रमा गाउँपालिका अध्यक्ष श्रेष्ठ र नेपाल रेडक्रस सोसाइटी पर्सा शाखाका सभापति विरेन्द्रराज कँडेलले हस्ताक्षर गरेका छन् ।

# कलवारलाई....

**अपारदर्शी ठंगबाट पदमा बहाल रहदै लाखौ रकम कुमल्याएका छन । लागुऔषध र नक्कली नोटको तस्करीमा कैद सजाए समेत काटेका कलवारले तस्करी र सिचाईबाट आएको रमक खर्च गरि भतिज बशिष्ठ कुमारलाई कालिकामाई गाउपालिका अध्यक्षमा निर्वाचित गराउन सफल भए ।**

**तर पाप धुरीबाट कराउछ, भन्ने जस्तै अहिले अख्तियार दुरुपयोग अनुसंधान कार्यालयले कलवार श्रीमती र सहयोगी माथी मुद्दा दायर भएपछि उनलाई ठुलो झटका लागेको समर्थकमा चर्चाको विषय बनेको छ । यस पछि पनि तिन वटा मुद्दामा अझै छानबीन भइरहेको छ ।**

**कलवारले गोप्यरुपमा खरिद र साधारण सभा गर्दै मनमौजी रुपमा सिंचाई संचालन गर्दै आएको स्थानियको आरोप रहदै आएको थियो ।**

**अख्तियारको कार्यवाही पछि स्थानिय कृषकमा खुसहाली छाएको छ । दशक देखी कागजमा बंधक बनाई एक्लौटी रुपमा सिंचाईको करौडो रकम हिनामिना गरेकाहरु बाट सिंचाईको २ नम्बर ब्लाक मुक्त हुनेमा कृषक आसाबादी छन ।**

**नहर निर्माणका क्रममा भ्रष्टाचार भएको आरोपमा नारायणी सिचाइ व्यवस्थापन डिभिजन वीरगञ्जका कर्मचारी र उपभोक्ता संस्थाका पदाधिकारीहरुमाथि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भ्रष्टाचार मुद्दा दायर गरेको छ ।**

**अख्तियारले नहर निर्माणको क्रममा भ्रष्टाचार भएको देखिएको आरोपमा नारायणी सिचाइ व्यवस्थापन डिभिजन नम्बर ५, बहुअरी वीरगञ्जका दुई कर्मचारी र उपभोक्ता संस्थाका दुई जनाविरुद्ध विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरेको हो ।**

**पर्सा ब्लक नम्बर २ र १० को नहर निर्माणका क्रममा उपभोक्ता संस्थालाई बदियतपूर्वक काम नै नभएको अवस्थामा पनि झुट्ठा बिल बनाई गलत भुक्तानी दिई/ लिई भ्रष्टाचारजन्य काम गरेको भनि परेको उजुरीको आधारमा छानबिन गर्दा आरोप पुष्टि भएको जनाउदै अख्तियारले कर्मचारी र उपभोक्ता संस्थाका पदाधिकारीहरुमाथि मुद्दा दायर गराइएको जनाएको छ ।**

# मधेश .......

परिणामअनुसार चुनाव लडेका मुख्यमन्त्रीसहित ७ जनामध्ये तीनजना मन्त्री पराजित भएका हुन्। भने निर्वाचित भएका छन्।

मधेश सरकारका अर्थमन्त्री शैलेन्द्रप्रसाद साह, भूमि व्यवस्था कृषि तथा सहकारीमन्त्री विजय यादव, उद्योग, पर्यटन तथा वनमन्त्री शत्रुधन महतो पराजित भएका हुन्।

मधेस सरकारका मुख्यमन्त्री लालबाबु राउत, सामाजिक विकासमन्त्री नवल किशोर साह, कानुन न्याय तथा प्रदेशसभा मामिलामन्त्री प्रमोदकुमार यादव र गृह तथा सञ्चारमन्त्री भरतप्रसाद साह निर्वाचित भएका छन्।

# पार्टीको......

केही सुझाव भए पार्टी केन्द्रीय कार्यालय र अध्यक्ष कमरेडको निजी सचिवालयको इमेलमा पठाई सहयोग गरिदिनुहोला,' स्वकीय सचिव रमेश मल्लले जारी गरेको सूचनामा भनिएको छ, 'आवश्यक छलफल र भेटघाटको लागि भने समय व्यवस्थापन गर्न कोसिस भैरहनेछ ।'

# मधेश विरोधी 'ट्याग' लागेको एमाले मधेशको बन्यो सबैभन्दा ठुलो पार्टी

मधेश विरोधी पार्टीको 'ट्याग' लागेको नेकपा एमाले मधेशको सबैभन्दा ठुलो पार्टी बनेको छ ।

मधेश प्रदेशका सबै क्षेत्रको मतगणना सम्पन्न भएको छ। प्रत्यक्षतर्फ प्रतिनिधिसभाका ३२ र प्रदेशसभाका ६४ वटै निर्वाचन क्षेत्रको मतगणना सम्पन्न हुँदा नेकपा एमाले प्रतिनिधिसभाका लागि नौ र प्रदेशसभाका लागि १५ स्थानमा विजयी भएर पहिलो पार्टी बनेको छ।

विसं २०७४ को निर्वाचनमा प्रतिनिधिसभामा धनुषा ४ र सर्लाही ३ मा सीमित भएको एमालेले यो पटक ती दुवै स्थानलाई सुरक्षित राख्दै थप सात स्थानसहित नौ सिट जितेको हो।

प्रतिनिधिसभाका लागि एमालेले सिरहा १, धनुषा-३, सर्लाही-३, बारा–१,पर्सा–३,सिरहा–३, बारा–३ र महोत्तरी–१लगायत क्षेत्रमा जितेको छ। अघिल्लो पटक प्रदेशसभामा १४ सिट जितेको उक्त दलेले एक सिट थप्दै सप्तरी-१(१(, सिरहा–१(१(, सिरहा–२(२), सिरहा ३(१), धनुषा–१(१),धनुषा–२(१), धनुषा–३(२), धनुषा–४(२), रौतहट–२(१), बारा–१(१), बारा ३(१), बारा–४(१), बारा–३(२), महोत्तरी १(१) र महोत्तरी ४(१) गरी १५ स्थानमा जितेको छ।

नेपाली कांग्रेसले प्रतिनिधिसभामा सात र प्रदेशसभामा १३ स्थानमा विजयी भएर दोस्रो पार्टी बनेको छ।

जनता समाजवादी पार्टीले प्रतिनिधिसभामा छ र प्रदेशसभामा नौ सिट जितेर तेस्रो पार्टी बनेको छ।

लोकतान्त्रिक समाजवादी पार्टीले प्रतिनिधिसभामा तीन र प्रदेशसभामा सात स्थान जित्दै चौथो पार्टी बनेको छ।

यस्तै जनमत पार्टीले प्रतिनिधिसभामा एक र प्रदेशसभामा ६ सिटमा जित निकालेको छ ।

# छात्रछात्राहरूलाई स्विटर बितरण

वीरगंज १३ मंसिर ।

अगामी जाडोलाई मध्य नजर गर्दै उपकार सेवा नेपाल नामक संस्थाले छात्रछात्राहरुलाई न्यानो स्विटर बितरण गरेको छ ।

जाडोमा कोहि छात्रछात्राहरुलाई चोसोका कारण कुनै किसिमको समस्या नहोस भन्ने उद्येश्यका साथ अगामी चिसो र शितलहरबाट बच्नका लागि स्विटर बितरण गरेको हो ।




बीरगंज महानगरपालिका वडा नम्बर ३२ मा रहेकोका श्रीमति मनमिश्रा आधारभुत बिद्यालयका चार सय ६५ जना छात्रछात्राहरुलाई न्यानो स्विटर बितरण गरिएको संस्थाका केन्द्रिय सदस्य सज्जन अग्रवालले बताउनु भयो ।

स्विटर बितरण गर्दै केन्द्रिय सदस्य अग्रवालले छात्रछात्राहरुलाई न्यानो स्विटर बितरण गरेर आफुलाई धेरै खुसी लागेको बताउँदै अगामी दिनमा अपाङहरुलाई मध्य नजर गर्दै व्हील चेयल बितरण गर्ने कार्यक्रम रहेको र यस्ता समाजिक कार्यहरु गर्न यो संस्था संधै तत्पर रहने बताउनु भयो ।

उपकार सेवा नेपाल संस्थाका केन्द्रिय अध्यक्ष बिद्यादेबी सरावगीको अध्यक्षतामा आयोजित कार्यक्रममा संस्थाकी सदस्य श्रीमति सुमन बगरिया, बिद्यालयका प्रधानाध्यापक राजाराम साह, बिद्यालय ब्यवस्थापन समितिका पदाधिकारी, शिक्षक शिक्षिका, अभिभावक लगायतको उपस्थिती रहेको थियो ।

उक्त संस्था बिभिन्न समाजिक कार्यहरु गर्दै आएको छ । यसघी संस्थाले गरिब समुदायहरुलाई कम्बल बितरण गरेको केन्द्रिय सदस्य अग्रवालले बताउनु भयो ।

# सर्वाधिक मतान्तरसहित चुनाव जित्नेमा लामिछाने पहिलो




काठमाडौं – प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनमा यही निर्वाचनबाट उदाएको राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले सर्वाधिक ३४ हजार ३१२ मतान्तरले चुनाव जितेका छन् । पूर्वसञ्चारकर्मी लामिछानेले चितवन क्षेत्र नं. २ मा सत्ता गठबन्धनबाट उम्मेदवार रहेका नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवम् राज्यमन्त्री उमेश श्रेष्ठलाई भारी मतान्तरसहित पराजित गरेका हुन् ।

यो क्षेत्रमा कुल ८४ हजार ३१५ मत खसेको थियो । त्यसमध्ये लामिछानेले ४९ हजार ३०० अर्थात् ५८.४७ प्रतिशत मत ल्याएर जितेका छन् । उनका निकटतम प्रतिद्वन्द्वी राज्यमन्त्री श्रेष्ठले १४ हजार ९८८ मत ल्याएका छन् ।

लामिछानेपछि सर्वाधिक मतान्तरले चुनाव जित्नेमा नेपाल मजदुर किसान पार्टीका प्रेम सुवाल छन् । उनले ३४ हजार ३१२ मतान्तरले जितेका छन् । सुवालले ४२ हजार ७६१ मत ल्याउँदा नेकपा एमालेका नवराज गेलालले ११ हजार ९६८ मत पाएका छन् ।

त्यस्तै, नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले नेपाली कांग्रेसका खगेन्द्र अधिकारीलाई २८ हजार ५७६ मतान्तरले जितेका छन् । उनले ०७४ मा उनै अधिकारीलाई २८ हजार ८४२ मतान्तरले जितेका थिए । अधिकारीले यसपटक २६६ मतान्तर घटाएका छन् । ओलीले ५२ हजार ३१९ मत पाउँदा अधिकारीले २३ हजार ७४३ मत ल्याएका थिए ।

नेकपा माओवादी केन्द्रका उपमहासचिव वर्षमान पुनले पनि २५ हजार २२९ मतान्तरले चुनाव जितेका छन् । उनले रोल्पाबाट नेकपा एमालेका पूर्ण बुढामगरलाई फराकिलो अन्तरले पराजित गरेका हुन् । पुनले ४१ हजार ७१४ मत पाए भने बुढामगरले १६ हजार ४८५ मत ल्याएका छन् ।

त्यस्तै, मोरङ-३ मा नेपाली कांग्रेसका सुनिलकुमार शर्माले एमालेका भानुभक्त ढकाललाई २२ हजार ७३६ मतान्तरले पराजित गरेका छन् भने सप्तरी-२ मा जनमत पार्टीका अध्यक्ष सीके राउतले जसपाका अध्यक्ष उपेन्द्र यादवलाई १८ हजार ६३ मतले हराएका छन् । रामेछापमा कांग्रेसका पूर्णबहादुर तामाङले एमालेका कैलाश ढुंगेललाई १६ हजार ३६९ मतान्तरले पराजित गरेका छन् ।

ललितपुर-३ मा राष्ट्रिय स्वतन्त्र पार्टीकी तोसिमा कार्कीले एमालेका अमृत खड्कालाई १८ हजार १७३ मतान्तरले जितेकी छिन् ।

गोरखा-१ मा कांग्रेसका राजेन्द्र बजगाईले एमालेका रामशरण बस्नेतलाई १६ हजार ६४३ मतान्तरले पराजित गरेका छन् ।साभार इकान्तिपुर

# वडा प्रहरी कार्यालय विर्ताद्वारा वीरगञ्जबाट चोरीका सामाग्रीसहित १२ जना पक्राउ



**वीरगञ्ज, १३ मंसिर ।** वडा प्रहरी कार्यालय बिर्ताले चोरीका सामानसहित १२ जनालाई पक्राउ गरेको छ ।

वीरगञ्जका विभिन्न स्थानबाट रातिको समयमा घर तथा पसलहरुबाट नगद एवम् जिन्सी सामाग्री चोरी गरेको उजुरीका आधारमा प्रहरीले १२ जनालाई पक्राउ गरेको हो ।

गरगहना, कपडा, मोबाइल, साइकल लगायतका घरायसी सामाग्रीका साथै सार्वजनिक स्थानमा रहेका चापाकल, कवाड, गाडीका ब्याट्री अन्य फलामजन्य सामाग्री चोरी गरेर लुकी छिपी भाग्दै गरेका १२ जनालाई पक्राउ गरेका वडा प्रहरी कार्यालय विर्ताका प्रमुख प्रहरी निरीक्षक बिशाल मल्लले जानकारी दिए ।

मल्लका अनुसार १२ जनालाई नियन्त्रणमा लिएर चोरी सम्बन्धी कसूरमा आवश्यक अनुसन्धान भइरहेको छ ।

केही समय यता रातिको समयमा चोरहरुको समूह सक्रिय रहेको हुँदा सावधानीपूर्व रहन पनि उनले आग्रह गरेका छन् ।

साथै चोरी सम्बन्धी शंकाजन्य अवस्थामा प्रहरीलाई खबर गर्न पनि उनको आग्रह छ ।

# सुकुम्बासी बस्तीमा डोजर लगाएकोमा नागरिक आन्दोलनद्वारा भर्त्सना

काठमाडौं – बृहत् नागरिक आन्दोलनले थापाथलीस्थित सुकुम्बासी बस्तीभित्र डोजर लगेर घर भत्काउन खोजेको घटनाप्रति विरोध जनाएको छ ।

मंगलबार साँझ विज्ञप्ति निकालेर नागरिक आन्दोलनले काठमाडौं महानगरपालिकाको उक्त कार्यको भर्त्सनासमेत गरेको छ ।

त्यस्तै आन्दोलनले उक्त घटना अलोकतान्त्रिक, अमानवीय र अन्यायी कदम भएको बताएको छ ।बस्तीका बालबालिका, अशक्त, वृद्धवृद्धा र किरिया बसिरहेका नागरिकहरुलाई समेत बेवास्ता गरी बस्ती भत्काउन खोजिएको जनाउँदै नागरिक आन्दोलनले बस्तीका नागरिकहरु राज्यविहीनताको स्थितिमा रहेको विज्ञप्तिमा उल्लेख गरेको छ ।

घटनामा आफ्नो घरवासको रक्षा गर्ने क्रममा बस्तीमा मुडभेडको अवस्था सिर्जना भएको जनाइएको छ । विज्ञप्तिमा भनिएको छ,'सकुम्बासी जस्तो संवदेनशील विषयलाई हेर्ने राज्यको दृष्टिकोण अमानवीय र क्रुर देखिनु निन्दनीय छ । संवाद र सहमतिबिना बसोबासको उचित र न्यायिक व्यवस्थाप असम्भव छ भन्ने हाम्रो ठहर छ । 'साभार इकान्तिपुर



# पार्टीको तौल घटेको घट्यै, प्रचण्डको गलामा माला बढेको बढ्यै

१३ मंसिर, काठमाडौं । चुनावमा नेताहरुका विर्सनै नसकिने मुखाकृति देखिए । माला खादाले अनुहारसम्मै ढाकेको तस्वीर उनीहरुले सगौरव आफ्ना आधिकारिक समाजिक सञ्जालमार्फत पोष्टिए ।

त्यसलाई उनीहरु जनताले मान दिएको र जनतमत आफ्नै पक्षमा रहेको देखाएर चुनाव प्रभावित पार्ने कोसिस गरे ।

तर, यो क्रम चुनाव सकिएपछि पनि रोकिएको छैन । हारेका त हारेका भैहाले । जितेकाहरु मतदातालाई धन्यवाद टर्क्याउने नाममा फेरि गाउँघरतिर माला र खादै थाप्दै छन् । शैली उही छ- अनुहार नै छोपिनेगरी मालाको भारी बोक्ने ।

यस्तोमा माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड पनि अगाडि नै छन् । फराकिलो अन्तरले चुनाव जितेर कीर्तिमान बनाउने लक्ष्य लिएर गोरखामा चुनाव लड्न पुगेका प्रचण्डले चुनावी दौरानका क्रममा अनुहार नै छोपिने गरि मालाको भारी बोके ।

प्रचण्डले चुनाव जिते तर लक्ष्य अनुसारको मत पाएनन् । उनको पार्टीले अनुमान गरेजति सिट जित्न सकेन, समानुपातिक मत पनि घटेको छ । २०७४ सालको चुनावको तुलनामा माओवादीको सिट घटेको छ । तर प्रचण्डले खादा र माला लगाउने क्रम चुनावपछि पनि रोकिएको छैन ।

अझ भनौं संसदमा माओवादीको तौल घटेको छ तर प्रचण्डले लगाउने माला र खादाको तौल बढेको बढ्यै छ ।

खुमलटारमै पुगेर कार्यकर्ता र शुभचिन्तकले लगाइदिएको मालाखादाले प्रचण्ड छपक्कै छोपिए । माला खादा लगाइदिनेले तस्वीर



पनि खिचेर सार्वजनिक गरिरहेका छन् ।तर आफ्ना नेताको गलामा नसुहाउँदा माला खादा देखेपछि सबारे माओवादी नेताहरुले नै टिप्पणी गरे । माओवादी नेता लेखनाथ न्यौपानेले चुनाव हारेको पार्टीका अध्यक्षले यस्तो तामझाम गर्न नसुहाउने भन्दै समाजिक सजालमार्फत नै रोक्न सुझाव दिए।

'चुनाव जितेका अरुले अलिअलि तामझाम गरेको ठिकै मान्न सकिएला तर अध्यक्ष कमरेडले त्यसो गर्न हुँदैन र सुहाउँदैन पनि,' न्यौपानेले फेसबुकमा लेखेका छन्, 'त्यसकारण भेटघाट र बधाई दिन आउने नेता/कार्यकर्तालाई फूल, माला, खादा बिना आउन भन्नुपर्ने भयो ।'

उम्मेदवारी दिएका अधिकांले हारेको र लोकप्रिय मत समेत घटेको भन्दै न्यौपानेले थामिनसक्नु मालाखादासहित बधाई खाने कुरा नैतिकरुपमा समेत नमिल्ने टिप्पणी गरेका छन् । 'अधिकांश अलोकप्रिय पात्रलाई टिकट दिँदा पार्टी १७ सिटमा मा झरेको छ र पार्टीको लोकप्रिय मतमा समेत नयाँ राप्रपा जस्ता पुरातनपन्थीहरुले लतार्दै लगेको बेला अध्यक्ष कमरेडले घरभित्रै थामिनसक्नु मालाखादासहित बधाई खाने कुराले भौतिक-नैतिक रुपमा अलिकति पनि राम्रो गरेको छैन,' उनले भनेका छन् । चौतर्फी आलोचना हुन थालेपछि प्रचण्डको सचिवालयले सूचना नै जारी गर्दै खादा माला र समयको बर्बादी नगरी केही सुझाव भए इमेलमा पठाउन आग्रह गरेको छ ।

'बधाई र शुभकामनाको नाममा खादामाला र समयको बर्बादी नगरी

बाँकी तेश्रो पृष्ठमा

बाँकी ते